# प्रेममा साँचो बोल्दै



भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक ३२




## यी काममा पछुतो हुँदैन:

पवित्र जीवन जिएकोमा।

आफ्नो तर्फबाट सक्दो प्रयास गरेकोमा।

गरिबहरूप्रति दयालु भएकोमा।

निर्णय गर्नुअघि अरूको कुरा सुनेकोमा।

बोल्नुअघि सोचविचार गरेकोमा।

मनमा शुद्ध विचार राखेकोमा।

शत्रुप्रति उदार भएकोमा।

अरूको निन्दा सुन्न इन्कार गरेकोमा।

आफ्ना सिद्धान्तहरूमा अडिग रहेकोमा।

गल्ती गर्दा क्षमा मागेकोमा।

कारोबारमा इमानदार रहेकोमा।

- Fellowship

## फरक

एउटी सानी केटी मण्डलीको सदस्य बन्न निकै इच्छुक थिई। पास्टरले उसलाई सोधे, “के तिम्रो हृदय परिवर्तन भएको छ?” उसले “छ” भनी। “के तिमी पहिले पापी थियौ?” “थिएँ।” “के तिमी अहिले पनि पापी छौ?” “छु।”

“त्यसो भए फरक के छ त?” केही बेर सोचेर उसले भनी, “ख्रीष्टमा विश्वास गर्नुअघि म पापको पछि लाग्थेँ; तर अहिले पापबाट भाग्छु।”

-Fellowship

## के तपाई परमेश्वरको मन्दिर बन्नुभयो?

ख्रीष्टमा विश्वास गर्नेहरूलाई “पवित्र जनहरू” भनिन्छ (फिलिप्पी १:१, एफेसी १:१)। पवित्र जन भनेको अलग पारिएको व्यक्ति हो (हिब्रूमा यही अर्थ लाग्छ, प्रस्थान १३:२)। एक ख्रीष्टियनको सम्बन्धमा भन्नुपर्दा, ऊ शैतान र पापबाट अलग पारिएर परमेश्वरको निम्ति छुट्ट्याइएको व्यक्ति हो (कलस्सी १:१२-१३)।

विगतमा परमेश्वर सुलेमानले बनाएको भवनमा वास गर्नुभयो (२ इतिहास ७:१)। उहाँ त्यहाँ वास गर्नुभएकोले त्यो भवन साधारण भवन रहेन, तर परमेश्वरको निम्ति “पवित्र पारिएको” (पद १६) अर्थात् उहाँकै निम्ति छुट्ट्याइएको मन्दिर बन्यो।

आज परमेश्वर मानिसका हातले बनाइएको मन्दिरमा होइन, तर विश्वासीहरूका हृदयमा वास गर्नुहुन्छ। प्रेरित पावलले कोरिन्थको मण्डलीलाई लेखे, “तिमीहरू परमेश्वरको मन्दिर हौ, र परमेश्वरको आत्मा तिमीहरूभित्र वास गर्नुहुन्छ, के यो तिमीहरूलाई थाहा छैन?” (१ कोरिन्थी ३:१६)। विश्वासीहरू पवित्र जन हुन् किनकि परमेश्वर तिनीहरूका हृदयमा वास गर्न आउनुभएको छ, र यसरी तिनीहरू उहाँको निम्ति अलग पारिएका छन्। एक व्यक्तिको जीवनमा परमेश्वर अन्तरवास गर्न आउनुभएको क्षणदेखि ऊ पवित्र हुन्छ र उहाँकै निम्ति अलग गरिन्छ।

प्रिय पाठकज्यू, ख्रीष्टलाई ग्रहण नगरेसम्म तपाईं परमेश्वरको निम्ति अलग पारिनुभएको हुँदैन, बरु पाप र शैतानकै अधीनमा हुनुहुन्छ (१ यूहन्ना ५:१९)। यस्तो अवस्थामा तपाईं स्वर्ग जान सक्नुहुन्न। परमेश्वरको उपस्थितिमा रहन पहिले तपाईं उहाँकै बन्नुपर्छ। अर्को शब्दमा, तपाईं उहाँको निम्ति अलग पारिनुपर्छ। त्यसो नभएसम्म तपाईं परमेश्वरको मन्दिर होइन, शैतानको मन्दिर हुनुहुन्छ।

**तपाईं कसरी परमेश्वरको मन्दिर बन्न सक्नुहुन्छ?** खुशीको खबर छ: कुनै काम गरेर होइन, तर तपाईंले येशूलाई आफ्नै मुक्तिदाता र प्रभुको रूपमा ग्रहण गरेर! तब तपाईं तत्कालै परमेश्वरको निम्ति अलग पारिएको मन्दिर बन्नुहुनेछ!

कोरिन्थका विश्वासीहरू ख्रीष्टलाई ग्रहण गर्नुअघि व्यभिचारी, मूर्तिपूजक, परस्त्रीगामी, समलिङ्गी, चोर, लोभी, मतवाला, गालीगलौज गर्ने र ठगी गर्नेहरू थिए। यस्ता मानिसहरू परमेश्वरको राज्यको हकदार हुन सक्दैनथे (१ कोरिन्थी ६:९–१०)। तर तिनीहरूले येशू ख्रीष्टलाई ग्रहण गर्नेबित्तिकै परमेश्वरले एउटा अलौकिक काम भयो! पावलले लेखे, “अनि तिमीहरूमध्ये कतिजना यस्तै थियौ; तर तिमीहरू धोइएका छौ, तर तिमीहरू **पवित्र पारिएका छौ** तर तिमीहरू **प्रभु येशूको नाउँमा** र हाम्रा **परमेश्वरको आत्माद्वारा** धर्मी ठहराइएका छौ” (१ कोरिन्थी ६:११)।

यसरी मुक्ति पाउनेबित्तिकै एक व्यक्ति शैतानको मन्दिरबाट परमेश्वरको मन्दिरमा परिणत हुन्छ। पापको दण्डबाट ऊ सदालाई अलग पारिन्छ, किनकि येशूले क्रूसमा उसका पापहरूको दण्ड भोगिदिनुभयो। यो अलग पारिने काम ख्रीष्टलाई ग्रहण गर्दा तत्कालै हुने घटना हो, हामीले पूरा गर्ने प्रक्रिया होइन। पवित्र पार्ने काम परमेश्वरले गर्नुहुने काम हो।

परमेश्वरको प्रिय जन, तपाईंको शरीर उहाँको मन्दिर हो। अब आफ्नो शरीर र आफ्नो आत्मामा उहाँको महिमा गर्नुहोस् (१ कोरिन्थी ६:१९–२०)। - प्रदेश श्रेष्ठ

© 2026 WORDOFTRUTH.COM.NP

## पुनरावलोकन प्रश्नहरू - अध्याय ६

1. उदारवादी प्रोटेस्टेन्टवाद किन र कसरी विकसित भयो? यसका प्रमुख सिद्धान्तहरू के-के थिए?
2. परमेश्वरको सर्वव्यापकतासम्बन्धी उदारवादी प्रोटेस्टेन्ट धारणाले परमेश्वर, मानिस, चमत्कार, पवित्रशास्त्रको अधिकार र भविष्यको जीवनसम्बन्धी यसको शिक्षालाई कसरी प्रभावित गर्‍यो?
3. उदारवादी प्रोटेस्टेन्टवादले येशू ख्रीष्टको व्यक्तित्व, उहाँको उद्धारको काम र मानिसको उद्धारसम्बन्धी परम्परागत ख्रीष्टियन शिक्षालाई कसरी परिवर्तन गर्‍यो?
4. उदारवादी प्रोटेस्टेन्टवादअनुसार धार्मिक विश्वास र आचरणका विषयमा अन्तिम अधिकार केमा निहित हुन्छ? यस धारणाले पवित्रशास्त्रको अधिकारलाई कसरी प्रभावित गर्छ?
5. सामाजिक सुसमाचार आन्दोलनको विकासमा कुन-कुन विचार र प्रवृत्तिहरूले योगदान पुर्‍याए? यस आन्दोलनले मण्डलीको मुख्य जिम्मेवारी के हो भनेर सिकायो?
6. सामाजिक सुसमाचार आन्दोलनले परमेश्वरको राज्य, समाजको उद्धार र येशू ख्रीष्टको उद्धारको कामलाई कसरी व्याख्या गर्‍यो? यसले व्यक्तिको उद्धार र भविष्यमा स्थापित हुने ईश्वरशासित राज्यलाई कस्तो स्थान दियो?
7. उदारवादी प्रोटेस्टेन्टवाद र सामाजिक सुसमाचारले साँचो सुसमाचारलाई कसरी विकृत गरे र मण्डलीलाई त्यसको प्रचारबाट कसरी विमुख गराए?
8. उदारवादी प्रोटेस्टेन्टवाद र सामाजिक सुसमाचारको प्रभावलाई रोक्न परमेश्वरले कुन-कुन माध्यमहरू प्रयोग गर्नुभयो? बाइबल विद्यालय आन्दोलन, The Fundamentals र Scofield Reference Bible ले यस कार्यमा कस्तो भूमिका खेले?
9. सन् १९१९ देखि १९३१ सम्म चलेको Modernist-Fundamentalist विवाद किन उत्पन्न भयो? यस विवादको परिणामस्वरूप ख्रीष्टियन आधारभूतवादीहरू (Fundamentalists) ले के-कस्ता कदम चाले?
10. एकतावादी आन्दोलन किन सुरु भयो? सन् १९०८ मा स्थापित Federal Council of Churches का प्रमुख उद्देश्यहरू के थिए?
11. नव-रूढिवादको विकास हुनुमा प्रथम विश्वयुद्धले कस्तो भूमिका खेल्यो? नव-रूढिवादले उदारवादी प्रोटेस्टेन्टवादका कुन-कुन शिक्षाहरूको विरोध गर्‍यो, र परमेश्वर, ख्रीष्ट, मानिसको पाप तथा समाजको रूपान्तरणसम्बन्धी शिक्षामा के कुराहरूमा जोड दियो?
12. परमेश्वरको लिखित प्रकाश (बाइबल) र त्यसको अधिकारसम्बन्धी नव-रूढिवादी शिक्षा परम्परागत बाइबलीय ख्रीष्टियन शिक्षाभन्दा कसरी फरक थियो? यसअनुसार बाइबल कहिले कुनै व्यक्तिका लागि परमेश्वरको वचन बन्छ, र यस दृष्टिकोणले परमेश्वरको वस्तुगत प्रकाशलाई कसरी अस्वीकार गर्छ?
13. सृष्टि, मानिसको पतन, अन्तिम न्याय र भविष्यमा स्थापित हुने परमेश्वरको राज्यसम्बन्धी नव-रूढिवादी शिक्षाहरू बाइबलीय ख्रीष्टियन शिक्षाभन्दा कसरी भिन्न थिए? उदारवादको विरोध गरे तापनि नव-रूढिवादले त्यसका केही प्रवृत्तिहरूलाई कसरी निरन्तरता दियो?
14. व्यक्तिगत परमेश्वरको अस्तित्व इन्कार गराउने दिशामा तर्कवाद, अनुभववाद, देववाद, कान्ट, हेगेल, श्लाइअरमाखर र अन्य आधुनिक दर्शन तथा आन्दोलनहरूले कसरी योगदान पुर्‍याए?
15. प्रथम विश्वयुद्धदेखि वर्तमान समयसम्मका युद्ध, आर्थिक सङ्कट, नरसंहार, अन्याय र वातावरणीय समस्याहरूले व्यक्तिगत परमेश्वरमाथिको मानिसको विश्वासलाई कसरी प्रभावित पारे? दुःखकष्टको अस्तित्वका आधारमा मानिसले परमेश्वरको अस्तित्वलाई किन इन्कार गर्छ?
16. व्यक्तिगत परमेश्वरको अस्तित्व इन्कार गर्नुका प्रमुख परिणामहरू के-के हुन्? निराशाले मानिसको जीवनको अर्थ र इतिहासको उद्देश्यसम्बन्धी धारणालाई कसरी प्रभावित पार्छ, र मानिसले राहत वा सन्तुष्टि खोज्न कस्ता व्यर्थका उपायहरू अपनाउँछ?
17. व्यक्तिगत परमेश्वरमाथिको विश्वासको अभावले विशेष गरी युवा पुस्तामा क्रान्तिको माग बढाउन कसरी योगदान पुर्‍याउँछ? युवाहरू र पुरानो पुस्ताले सामाजिक परिवर्तन तथा वर्तमान व्यवस्थालाई किन फरक दृष्टिकोणले हेर्छन्?
18. व्यक्तिगत परमेश्वरको अस्तित्व इन्कार गर्दा नैतिक निरपेक्षताहरूको अस्तित्वसमेत किन इन्कार गरिन्छ? नैतिकता सापेक्ष हो भन्ने धारणाले मानिसको आचरण र समाजका नैतिक मापदण्डहरूलाई कसरी प्रभावित पार्छ?
19. नयाँ नैतिकता, प्लेब्वाइ दर्शन र परिस्थितिजन्य नैतिकताले परम्परागत नैतिक मापदण्डहरूलाई कसरी चुनौती दिन्छन्? परमेश्वरको प्रकाशलाई इन्कार गर्नु र बाइबलमा दिइएका नैतिक मापदण्डहरूलाई इन्कार गर्नुबीच के सम्बन्ध छ?
20. विकासवादले ख्रीष्टियमत र अन्य धर्महरूबीचको भिन्नता, नैतिक सत्यता र नैतिक मापदण्डहरूबारे कस्तो धारणा प्रस्तुत गर्‍यो?

21. डार्विनको विकासवादको सिद्धान्तले मानिसको उत्पत्ति, मानव इतिहास, पाप, उद्धार र ख्रीष्टिय विश्वाससम्बन्धी बाइबलीय शिक्षाहरूलाई कसरी चुनौती दियो?
22. व्यक्तिगत परमेश्वरलाई इन्कार गर्दा मानिसले आफ्नो मानव मर्यादा र स्वतन्त्रता कसरी गुमाउँदै जान्छ? रोमी १:१८–३२ को प्रकाशमा, आफ्ना अभिलाषाहरूको पछि लाग्नुलाई स्वतन्त्रता ठान्ने मानिस वास्तवमा कसको दास बनिरहेको हुन्छ?
23. विकासवादलाई स्वीकार गर्ने मानिसहरूमा यसले कस्ता दुई भिन्न मानसिक दृष्टिकोणहरू जन्मायो? निराशावादी दृष्टिकोण र विकासवादलाई परमेश्वरले प्रयोग गर्ने प्रक्रिया मान्ने दृष्टिकोणले परमेश्वरको अस्तित्व, प्रकृतिमा उहाँको कार्य र भविष्यमा स्थापित हुने ईश्वर-शासित राज्यलाई कसरी हेरे?
24. उन्नाइसौँ शताब्दीमा परमेश्वरले विकासवाद तथा अन्य विचारधाराहरूको प्रभावको प्रतिकार गर्न कुन-कुन माध्यमहरू प्रयोग गर्नुभयो? मिसनरी आन्दोलन, दोस्रो महान् आत्मिक जागृति, नयाँ ईश्वरशास्त्रीय शिक्षण संस्थाहरू र सुसमाचार प्रचारकहरूको योगदान उल्लेख गर्नुहोस्।
25. रिट्श्लले आदिम पाप, हराएकाहरूको दण्ड र परमेश्वरको राज्यबारे के सिकाए? उनको दर्शनले सामाजिक सुसमाचार आन्दोलनको विकासमा कसरी योगदान पुऱ्यायो?

## यो कुरा कहिल्यै नबिर्सनुहोस्—

परमेश्वरविनाको शिक्षा — अज्ञानता हो।
परमेश्वरविनाको धनसम्पत्ति — दरिद्रता हो।
परमेश्वरविनाको सफलता — असफलता हो।

## सांसारिक परिवार

आफ्नो मृत्यु हुनुभन्दा केही वर्षअघि हार्भी नाम गरेका एकजना विश्वासी आफ्नो छिमेकका उच्च वर्गका मानिसहरूमध्ये थोरैलाई मात्र भेट्न जानुहुन्थ्यो। उहाँ सधैँ आदर-सम्मान देखाउन तयार रहने परिवारहरूलाई किन भेट्न जानुहुन्न भनी सोध्दा उहाँले जवाफ दिनुभयो:

"परमेश्वरका कुराहरूबारे कुराकानी हुने कुनै शिष्ट परिवारको नाम म मुस्किलले मात्र लिन सक्छु। म धेरै खोक्रा र सांसारिक गफगाफ सुन्छु, तर ख्रीष्टको बारेमा एउटा शब्द पनि सुन्दिनँ। त्यसैले म त्यस्ता जमघटहरूमा नजाने अठोट गरेको छु, जहाँ मेरो प्रभुका लागि पनि ठाउँ छैन, म आफ्नो लागि ठाउँ पाउँछु भने पनि।

- JFH

## गिद्ध



टर्की गिद्धको दृष्टि असाधारण रूपमा तीक्ष्ण हुन्छ। मानिसको आँखाले देख्न नसक्ने दूरीमा रहेका मरेका वा मर्न लागेका जनावरहरूलाई पनि यसले कैयौँ किलोमिटर टाढैबाट देख्न सक्छ। तर यसको पञ्जा कमजोर हुन्छन् र चुच्चो पनि पातलो हुन्छ। त्यसैले यसले सडेको मासु र कुहिएका वनस्पति खाएर जीवन धान्छ। रोग लागेर मरेका जनावरका अवशेष खाने भएकाले गिद्धको पाचन प्रणाली एन्थ्राक्स जस्ता रोग उत्पन्न गर्ने ब्याक्टेरियालगायत घातक ब्याक्टेरियाहरूलाई नष्ट गर्न सक्ने गरी बनेको हुन्छ। अझ, टर्की गिद्धले आफ्नै दिसामा पाइने विशेष कीटाणुनाशक पदार्थद्वारा आफ्नो शरीर र वरपरको वातावरणलाई समेत कीटाणुरहित बनाउन सक्छ। यसको पेटमा घातक ब्याक्टेरिया नष्ट गर्ने त्यही रासायनिक पदार्थले शरीरबाहिरका कीटाणुहरूलाई पनि नष्ट गर्छ!

गिद्धको टाउकोमा प्रायः रगत, सडेको मासुका टुक्रा र ब्याक्टेरिया लागिरहने भएकाले यसलाई रोग लाग्ने जोखिम बढी हुन्छ। त्यसैले यसको घाँटीमाथिको भागमा प्वाँख हुँदैन। टर्की गिद्ध घाममा उभिँदा सूर्यका पराबैजनी किरणले बाँकी रहेका ब्याक्टेरियाहरूलाई नष्ट गर्छन्।

सडेगलेका जनावरका सिनो हटाएर टर्की गिद्धले मानिस र जनावर दुवैमा रोग फैलिन नदिन र सम्भावित महामारी रोक्न महत्त्वपूर्ण भूमिका खेल्छ। यसका यस्ता विशिष्ट विशेषताहरू कसरी विकास भए होलान्? सृष्टिसम्बन्धी दृष्टिकोणअनुसार, गिद्धको मूल प्रकारलाई यी विशेषताहरूसहित नै सृष्टि गरिएको थियो। हाम्रो पतित संसारमा बाँच्न आवश्यक पर्ने विशेषताहरू या त पतनपछि दिइएका थिए, या त सुरुमा सृष्टि गरिएका क्षमताहरूबाट विकसित भएका थिए।

Source: Character Sketches

## बालबालिकालाई सत्यवादी बनाउन

बालबालिकालाई सही मार्गमा हुर्काउँदा ध्यान दिनुपर्ने अर्को महत्त्वपूर्ण कुरा तिनीहरूलाई सत्य बोल्न र इमानदार हुन सिकाउनु हो। पापमा जन्मेकाले हरेक मानिसमा पापी स्वभाव हुन्छ। त्यसैले मानिसहरू "जन्मिनासाथ तिनीहरू झूट बोल्दै-बोल्दै कुबाटो लाग्छन्" (भजनसंग्रह ५८:३)। निश्चय नै, झूट बोल्नु मानिसहरूमा पाइने सबैभन्दा सामान्य पापहरूमध्ये एक हो। यो प्रवृत्तिलाई रोक्न र बालबालिकामा सत्य बोल्ने बानी बसाल्नुलाई तिनीहरूको उचित पालनपोषणको प्रारम्भिक उद्देश्यहरूमध्ये एक बनाउनुपर्छ। "झूट बोल्ने ओठहरू परमप्रभुका निम्ति घृणित हुन्," (हितोपदेश १२:२२) र उहाँ "झूटो बोल्ने जिब्रो" लाई घृणा गर्नुहुन्छ (हितोपदेश ६:१६–१७)। त्यसैले, झूट बोल्नु परमेश्वरको दृष्टिमा कति घृणित कुरा हो भन्ने कुरा बालबालिकालाई सानैदेखि सिकाउनुपर्छ।

बालबालिकामा सत्यनिष्ठा र इमानदारी विकास गर्न चाहने आमाबुबाले तिनीहरूमा देखिने झूट बोल्ने प्रवृत्तिलाई हल्का रूपमा लिनु वा त्यसको पक्षमा बहाना बनाउनु हुँदैन। कतिपय आमाबुबा त आफ्ना छोराछोरीले सानातिना गल्ती लुकाउन चलाखीपूर्वक बोलेका झूट सुनेर मुस्कुराउँछन् र तिनीहरूको प्रशंसासमेत गर्छन्। त्यसो हो भने, त्यस्ता बालबालिका झूट बोल्न नडराउने र झूट बोल्दा विवेकले नघोच्ने मानिस बनेर हुर्कनु अचम्मको कुरा होइन। झूट बोल्दा विवेकले घोच्नु भनेको पछि जीवनमा सद्गुणी रहन मदत गर्ने एउटा सुरक्षा हो। कुनै पनि आमाबुबाले आफ्नो बच्चामा आफूलाई कुनै पापप्रति जति घृणा लाग्छ, त्योभन्दा बढी घृणा जगाउन सक्दैन। बालबालिका सबैभन्दा छिटो कुरा बुझ्ने र विश्लेषण गर्ने हुन्छन्; तिनीहरूले असल भएको देखाउने ढोङलाई सहजै चिन्छन्। तिनीहरूले हामीले के भन्छौं भन्ने कुराभन्दा हामी वास्तवमा कस्तो महसुस गर्छौं भन्ने कुराबाट बढी निष्कर्ष निकाल्छन्। त्यसैले, आफ्ना छोराछोरीले कुनै पनि झूट वा छलकपट गर्दा त्यसलाई बेवास्ता नगर्नुहोस्।

आमाहरूले आफ्ना छोराछोरीको अगाडि कसैको कुरा काट्ने तर पछि त्यही व्यक्तिसँग मीठो व्यवहार गर्ने काम गर्नदेखि होसियार रहनुपर्छ। आमाले—वा बुबाले नै—यस्तो व्यवहार गरेर बच्चालाई छलकपट र दोहोरो व्यवहार सिकाउनुभन्दा प्रभावकारी पाठ अरू के हुन सक्छ र?

हामी आफ्ना छोराछोरीलाई परमेश्वरको निम्ति हुर्काउन चाहन्छौं भने तिनीहरूसँग कहिल्यै झूट नबोलौं। परमेश्वर "झूट बोल्नै नसक्नुहुने" हुनुहुन्छ र उहाँ "अन्तस्करणमा सच्चाइ भएको चाहना गर्नुहुन्छ" (तीतस १:२; भजनसंग्रह ५१:६)। कुनै प्रश्नको सत्य उत्तर उचित ढङ्गले दिन सकिँदैन जस्तो लाग्छ भने, त्यसको उत्तर थोरै दिनुहोस् वा नदिनुहोस्। आफ्ना छोराछोरीलाई सत्यनिष्ठ हुन सिकाउन चाहनुहुन्छ भने, तिनीहरूसँग सधैँ सत्य बोल्नुहोस्। तिनीहरूलाई वाचा गरेर पूरा नगर्ने काम पनि नगर्नुहोस्, किनकि त्यो पनि असत्यता नै हो। तीतो औषधि खुवाउन सजिलो होस् भनेर त्यसलाई मीठो र स्वादिलो कुरा हो भनी झुक्याएर नभन्नुहोस्। यस्ता व्यवहारले तपाईंले आफ्ना छोराछोरीलाई आफूले बनाउन चाहेको व्यक्तित्वको ठीक विपरीत दिशामा हुर्काइरहनुभएको हुन्छ। पछि तिनीहरूलाई सत्यनिष्ठ र निष्कपट बनाउन तपाईंले व्यर्थै प्रयास गर्नुपर्नेछ, किनकि तपाईंले सुरुदेखि नै तिनीहरूको मनरूपी माटो बिगारिसक्नुभएको हुनेछ।

- Source: The Christian Home by R. K. Campbell

## एउटा आत्माको मूल्य

"यदि हामीले वर्षौंसम्म हरेक वर्ष हजारौँ मानिसलाई प्रचार गऱ्यौँ, तर एउटै आत्माको मात्र उद्धार गर्न सक्यौँ भने पनि, त्यही एउटा आत्मा हाम्रो सम्पूर्ण परिश्रमको यथेष्ट प्रतिफल हुनेछ, किनकि एउटा आत्माको मूल्य अतुलनीय छ।"

- चार्ल्स स्पर्जन

## ख्रीष्टियन सिद्धता

"अब शान्तिका परमेश्वर जसले भेडाहरूको महान् गोठाला हाम्रा प्रभु येशूलाई अनन्त वाचाको रगतद्वारा मरेकाहरूबाट बौराएर उठाउनुभयो, उहाँले तिमीहरूलाई हरेक असल काममा उहाँको इच्छा पालन गर्ने गरी सिद्ध पारेका होऊन्, र उहाँको दृष्टिमा जे अति मनपर्दो छ, सो तिमीहरूमा येशू ख्रीष्टद्वारा पूरा गरेका होऊन्" (हिब्रू १३:२०-२१)

यहाँको मुख्य आशय यो हो: ख्रीष्टले हाम्रो उद्धारका निम्ति गर्नुभएको सम्पूर्ण काम र उहाँलाई मृतकहरूबाट जीवित पार्ने परमेश्वरले गर्नुभएको कामको उद्देश्य एउटै थियो—ख्रीष्टले सम्पन्न गर्नुभएको अनन्त उद्धारको फल अब हामीमा प्रकट गर्न परमेश्वरले स्वतन्त्रतासाथ काम गर्न सकून्। सर्वशक्तिमान् परमेश्वर आफैं निरन्तर कार्यरत हुनुहुन्छ र हामीलाई हरेक असल काम गर्न योग्य बनाउनुहुन्छ। उहाँले यो कसरी गर्नुहुन्छ त? उहाँको दृष्टिमा मनपर्ने कुरा हामीमा कार्य गरेर। अनि यो सबै उहाँले येशू ख्रीष्टद्वारा गर्नुहुन्छ। - Andrew Murray

प्रकाशक: नारायणगढ चर्च, लायन्स चोक, नारायणगढ, भरतपुर - २ ✦ 9855071310